# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

---

**खण्डः १, संख्याः ३१, मितिः २०८१/०१/२४**

---

## भाग - २

## सहजकर्ता शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

लेकम गाउँपालिका

**प्रस्तावनाः** लेकम गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा शून्य शिक्षक दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गरी अपरिपूर्त शिक्षकको मागलाई पूर्ति गर्न सहजकर्ता शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लेकम गाउँकार्यपालिकाले यो सहजकर्ता शिक्षक व्यवस्थापन कार्यविधि, २०८० जारी गरेको छ ।

## परिच्छेद — १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम सहजकर्ता शिक्षक व्यवस्थापन कार्यविधि, २०८० रहेको छ । (२) यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पूर्वप्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षा दिने विद्यालय सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले लेकम गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले नेपालको संविधानबमोजिम गठन भएको लेकम गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रूपमा चलिआएका गुम्बा, गुरुकुल आश्रमजस्ता धार्मिक विद्यालयहरूलाई जनाउँदछ ।

(ङ) "छनौट समिति" भन्नाले नियम१८ बमोजिम गठन हुने सहजकर्ता शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(छ) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ) "व्यवस्थापन समिति" भन्नाले संघीय शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभागलाई सम्झनुपर्छ।

(ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षकहरूको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनुपर्छ।

(ड) "प्राथमिक सहजकर्ता शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा १—५ मा अध्यापन गर्ने सहजकर्ता शिक्षक सम्झनुपर्छ ।

(ढ) "निम्नमाध्यमिक सहजकर्ता शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ६—८ मा अध्यापन गर्ने सहजकर्ता शिक्षक सम्झनुपर्छ ।

(ण) "माध्यमिक सहजकर्ता शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने सहजकर्ता शिक्षक सम्झनुपर्छ।

(त) "विषय विशेषज्ञ" भन्नाले सहजकर्ता शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गाउँपालिकाबाट सूचीकृत भएका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तह र क्याम्पसका शिक्षकहरूलाई सम्झनुपर्छ ।

(थ) "गाउँसभा" भन्नाले संघीय कानुन बमोजिम गठन भएको लेकम गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

## परिच्छेद २
## दरबन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

३. **सहजकर्ता शिक्षकको अनुदान दरबन्दी सिर्जना गर्न सक्ने:** (१) गाउँसभाबाट स्वीकृत कार्यक्रमअनुसार गाउँकार्यपालिकाले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका सहजकर्ता शिक्षकहरूको अनुदान कोटा (दरबन्दी) सिर्जना गर्न सक्नेछ ।

(२) सहजकर्ता शिक्षकको कोटा (दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछः

(क) शून्य दरबन्दी भएको विद्यालयहरूलाई पहिलो प्राथमिकता दिने,

(ख) एक जनामात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने,

(ग) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने,

(घ) आधारभूत तह (६-८) र माध्यमिक तह संचालित विद्यालयहरूको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ ।

४. **सहजकर्ता शिक्षकको योग्यता तथा तालिमसम्बन्धी व्यवस्थाः** नियम ३ बमोजिम सिर्जना भएका दरबन्दीमा

नियुक्त हुने सहजकर्ता शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछः

(१) **प्राथमिक तहः**

क) मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरेको,

ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको,

ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

घ) नेपाली नागरिकता प्राप्त गरेको ।

(२) **निम्न माध्यमिक तहः**

क) मान्यताप्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) गणित—विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषयहरू लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको वा शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको।

च) नेपाली नागरिकता प्राप्त गरेको ।

(३) **माध्यमिक तहः**

क) मान्यताप्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको वा शिक्षाशास्त्रमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

च) नेपाली नागरिकता प्राप्त गरेको ।

**५. उम्मेदवारको लागि अयोग्यताः** देहायका व्यक्तिहरू सहजकर्ता शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैननः

(क) गैरनेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) अध्यापन अनुमति पत्र नलिएको,

(छ) तालिम नलिएको,

(ज) खण्ड "ग" मा जुनसुकै कुरा उल्लेख भए तापनि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूका लागि उमेरको हद लाग्ने छैन।

६. **पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया:** परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले तोकेबमोजिम र शिक्षक सेवा आयोगले पाठ्यक्रम नतोकेको पदहरुमा पदपूर्ति गर्नु परेमा सो पदको पाठ्यक्रम लेकम गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

७. **सहजकर्ता शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ:** (१) लेकम गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा गाउँपालिकाको आन्तरिक स्रोतबाट तलबभत्ता खाने गरी नियुक्त भएका शिक्षक कर्मचारी र वि.सं. २०७४ साल साउन १ गते भन्दा अगाडि विद्यालय व्यवस्थापन समिति द्वारा नियुक्त भई विद्यालयको आन्तरिक स्रोतबाट तलबभत्ता खाई हाल सम्म अनवरत रुपमा कार्यरत रहेका शिक्षक, कर्मचारी, कम्प्युटर अपरेटर र बालविकास सहजकर्ताहरुका लागि तोकिएको योग्यता पुगेको भएमा एक पटकका लागि गाउँपालिकाले प्रकाशित गरेको गाउँपालिका सहजकर्ता शिक्षक कर्मचारीका लागि खोलिने विज्ञापनमा गाउँपालिका सहजकर्ता शिक्षक कर्मचारी र विद्यालयद्वारा तलबभत्ता पाउने निजी स्रोतका शिक्षक कर्मचारीहरु मात्रै सहभागी हुन सक्ने गरी योग्यता अनुसार विज्ञापन खोलिएका जुनसुकै तहको जुनसुकै पदमा पनि एक पटकका लागि उमेरको हद नलाग्ने व्यवस्था सहित उम्मेदवार हुन पाउने गरी आन्तरिक प्रतिस्पर्धा गराइ पदपूर्ति गरिनेछ ।

८. **सहजकर्ता शिक्षकको छनौटसम्बन्धी व्यवस्था:** सहजकर्ता शिक्षक छनौट सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ:

१. सहजकर्ता शिक्षक छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई विज्ञापनको सूचना प्रकाशन गरिनेछ।
२. सहजकर्ता शिक्षक नियुक्तिका लागि सूचीकृत विषयविज्ञहरूबाट प्रश्नपत्र निर्माण गरी गाउँपालिकाले सुरक्षित र गोप्यतासाथ राखेछ ।
३. योग्यता पुगेका इच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फाराम भरी गाउँपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।
४. शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षापद्धति अनुरूप सहजकर्ता शिक्षकहरूको छनौट हुनेछ ।
५. सहजकर्ता शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा सञ्चालन गरिनेछ ।

९. **स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने:** गाउँपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

१०. **परीक्षा हुने मिति, समय र केन्द्र:** गाउँपालिकाले तोकेको मिति, समय र केन्द्रमा सञ्चालन हुनेछ।

११. **परीक्षाको दस्तुर:** गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

१२. **परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क:** गाउँपालिकाबाट लिइने सबै तहका प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क शिक्षक सेवा आयोग र आयोगबाट निर्मित पाठ्यक्रम प्रकाशित नभएको आवस्थामा गाउँपालिकाद्वारा प्रकाशित पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **सफल उम्मेदवारको सूची प्रकाशन गरिने:** (१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोकेबमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरू थप गरी अन्तर्वार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रमअनुसार प्रकाशन गरिनेछ।

१४. **अन्तर्वार्ता सम्बन्धी व्यवस्था:** (१) नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लिखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तर्वार्ता उपसमिति गठन गर्न सक्नेछ ।

१५. **अन्तर्वार्ताको अङ्क:** अन्तर्वार्ताको लागि छुट्याइएको पच्चीस अङ्क देहाय बमोजिम दिइनेछः

(क) अनुभवबापत सोही तहमा निरन्तर रुपमा कार्यरत गाउँपालिका सहजकर्ता शिक्षक कर्मचारी र विद्यालयले नियुक्त गरेका निजीस्रोत अन्तर्गतका शिक्षक, कर्मचारी रूपमा काम गरेबापत प्रत्येक वर्षको ०.५ अङ्कका दरले बढीमा ५ अङ्क,

(ख) शैक्षिक योग्यताबापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता वापत प्रथम श्रेणीको भए तीन, द्वितीय श्रेणीको भए दुई र सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितीय श्रेणी भए एक अङ्क,

(ग) अन्तर्वार्ताबापत बढीमा पन्ध्र अङ्क,

तर अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेदवारलाई ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम दिनु पर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

(घ) लेकम गाउँपालिका अन्तर्गतको स्थायी बासिन्दा भएमा चार अङ्क ।

१६. **योग्यताक्रम प्रकाशित गर्ने:** (१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(२) एकभन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ।

१७. **नियुक्ति दिने:** सिफारिस गरिएको उम्मेदवारलाई गाउँकार्यपालिकाको शिक्षा शाखाबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिनभित्र नियुक्ति लिनु पर्नेछ । कुनै सफल उम्मेदवारले नियुक्ति नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिनेछ ।

१८. **सहजकर्ता शिक्षक छनौट समिति:** सहजकर्ता शिक्षक नियुक्तिको लागि सिफारिस गर्न गाउँ कार्यपालिकाले तोकेबमोजिमको एक छनौट समिति रहनेछः

१९. **छनौट समितिको काम, कर्तब्य र अधिकार:** छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) दरखास्त फारामहरू दर्ता तथा सङ्कलन गर्ने-गराउने,

ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने,

ग) लिखित परीक्षा सञ्चालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने,

घ) मर्यादित ढङ्गले लिखित परीक्षा सञ्चालन गर्ने-गराउने,

ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधिअनुसार परीक्षण गराउने,

च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने,

छ) अन्तर्वार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तर्वार्ता लिने,

ज) लिखित र अन्तर्वार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने,

झ) नियुक्तिका लागि सिफारिस गर्ने,

ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने ।

२०. **सहजकर्ता शिक्षकको पदस्थापना:** उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्यक्षेत्रमा गाउँकार्यपालिकाको निर्णयबमोजिम सहजकर्ता शिक्षकको पदस्थापना गरिनेछ ।

२१. **प्रोत्साहन भत्ता उपलब्ध गराइने** (१) लेकम गाउँसभाले विनियोजन गरेको सहजकर्ता शिक्षक अनुदान शीर्षकको अधीनमा रही गाउँकार्यपालिकाको निर्णयानुसार पदस्थापना गरिएको सहजकर्ता शिक्षकहरूको लागि प्रोत्साहन भत्ता तत् तत् विद्यालयमा अनुदान स्वरूप उपलब्ध गराइनेछ र विद्यालयले सो रकमबाट सहजकर्ता शिक्षकको प्रोत्साहन भत्ता बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन ।

(२) सहजकर्ता शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धी खर्च सहजकर्ता शिक्षकको प्रोत्साहन अनुदान अन्तर्गत विनियोजित शीर्षकबाट शिक्षक सेवा आयोगको स्वीकृत मापदण्ड बमोजिम खर्च गरिनेछ ।

(३) यस गाउँपालिका अन्तर्गत कार्यरत पूर्वप्राथमिक विद्यालयका सहयोगी कार्यकर्ता र विद्यालय सहयोगी तथा विद्यालय सहायकहरूलाई सहजकर्ता शिक्षकको प्रोत्साहन अनुदान शीर्षकमा विनियोजित रकमबाट गाउँकार्यपालिकाले तोकेबमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

(४). धार्मिक तथा पूर्वप्राथमिक विद्यालयलाई गाउँकार्यपालिकाले तोके बमोजिम शिक्षण सहयोग अनुदान एकमुष्ठ उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद - ३
## विविध

२३. **सहजकर्ता शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने:** संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँसभाले सहजकर्ता शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्नेछ ।

२४. **प्रचलित कानुन लागू हुने:** प्रचलित कानुनमा व्यवस्था भएका विषयहरूका सम्बन्धमा सोही बमोजिम हुनेछ ।

२५. **अन्तिम व्याख्या:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

२६. **खारेजी:** गाउँसभाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका